# रोजगार रणनीति

मनाङ डिस्याङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हुम्डे, मनाङ

गण्डकी प्रदेश

आ.व. २०८२/८३ देखी २०८६/८७

२०८२

मनाङ ङिस्याङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुम्दे, मनाङ
गण्डकी प्रदेश, नेपाल

# मनाङ ङिस्याङ गाउँपालिकाको नक्सा



## विषय सूची


खण्डः एक.......................................................................................
रणनैतिक सन्दर्भ ........................................................................ ४
१.१. पृष्ठभुमी ................................................................................ ४
१.२. रोजगार रणनीति योजनाको आवश्यकता र औचित्य ............................. ४
१.३. अध्ययन पद्धिति ...................................................................... ५
१.४ क्षेत्र........................................................................................ ५
१.५ सिमा...................................................................................... ७
खण्डः दुई ...................................................................................... ७
वर्तमान अवस्थाको विश्लेषण ............................................................ ८
२.१ प्रधानमन्त्री रोजगार कार्यक्रम......................................................... ८
खण्डः तीन ..................................................................................... ८
रणनैतिक विश्लेषण ........................................................................ ११
खण्डः चार ..................................................................................... ११
रणनैतिक सवालहरु ........................................................................ १६
खण्डः पाँच ..................................................................................... १६
दुरदृष्टि, ध्येय र उद्देश्य ................................................................... १७
खण्डः छ......................................................................................... १७
रणनीतिक लक्ष्यहरु .......................................................................... १८
खण्डः सात ..................................................................................... १८
रणनीतिक स्तम्भ/प्रमुख रणनीतिहरु ..................................................... १९
खण्डः आठ ..................................................................................... १९
पाँच वर्षको रणनैतिक कार्य योजना...................................................... २३
खण्डः नौ ........................................................................................ २३
श्रोत परिचालन र बजेट व्यवस्थापन..................................................... २५
खण्डः दश........................................................................................ २५
रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था ................ २५
खण्डः एघार ..................................................................................... २५
जोखिम व्यवस्थापन.......................................................................... २६
अनुसूचीहरु....................................................................................... २६
........................................................................................................ २७

खण्ड: एक

रणनैतिक सन्दर्भ

(Strategic Context)

## १.१. पृष्ठभूमी

गण्डकी प्रदेश अन्तरगत मनाङ जिल्ला, हिमाल पारिको जिल्ला अति सुन्दर प्राकृतिक सौन्दर्यले भरीपूर्ण पर्यटीय स्थलको रुपमा चिनिने मनाङ जिल्लामा रहेको ४ गाउँपालिका मध्ये मनाङ डिस्याङ गाउँपालिका पनि एक हो । यस परिच्छेद अन्तरगत गाउँपालिकाको भौगोलिक अवस्था, ऐतिहासिक चिनारी तथा नामकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा साँस्कृतिक उत्कृष्टता विकास संभावनाहरुलाई देहाय बमोजिमका शीर्षकहरुमा व्याख्या गरिएको छ । समुन्द्री सतह देखि ३५४० मिटरको उचाईमा रहेको मनाङ डिस्याङ गाउँपालिका ६९४.६३ वर्ग कि.मी. मा फैलिएको छ । भौगोलिक रुपमा पूर्वमा चामे र नार्फु गाउँपालिका, पश्चिममा मुस्ताङ र म्याग्दी जिल्ला, उत्तरमा नार्फू गाउँपालिका र तिब्वत र दक्षिणमा कास्की र लमजुङ जिल्ला रहेको मनाङ जिल्लाको यस मनाङ डिस्याङ गाउँपालिकाको घरधुरी संख्या जम्मा ५६१ कुल जनसंख्या १५९५ रहेको जसमध्ये महिला ७७१ र पुरुष ८२४ रहेको यस गाउँपालिकाको साक्षरता दर ६७.९ प्रतिशत *(स्रोत राष्ट्रिय जनगणना २०७८)* रहेको छ ।

यस गाउँपालिकामा अधिकांश मानिसहरु बौद्ध धर्म मान्दछन् । यहाँका मुख्य जातीहरुमा गुरुङ, घले, लामा, विशकर्मा रहेका छन् । यहाँको औषत तापक्रम २ देखि १० डिग्री सेल्सियस रहेको छ । यस गाउँपालिकामा धार्मिक ऐतिहासिक पुरातात्विक एवम् पर्यटकिय स्थलहरु जस्तै तिलिचो ताल, गंगापूर्ण ताल, आइस लेक, मम्छो ताल, ग्रीन लेक, घले राजाको दरबार, याकखर्क, थोराङपास, काङलापास, मेसोकान्तपास, ने गुफा, मिलेरेपा गुम्वा, मनाङ गुम्वा, भ्राका गुम्वा, पोचो गुम्वा, पोतोचे ध्यारु गुम्वा, ङावल गुम्वा, मनाङ गुम्वा खाङसार गुम्वा, कर्की गुम्वा र शेर गुम्वा जस्ता धार्मिक तथा ऐतिहासिक स्थल रहेका छन् ।

कुल क्षेत्रफल मध्ये ५ प्रतिशत खेतियोग्य जमिन, १० प्रतिशत जमिन, ५० प्रतिशत क्षेत्र चौरीखर्क र चरण र ३५ प्रतिशत डाँडाकाँडा र हिमाली क्षेत्रले ओगटेको छ । यहाँको मानिसको मुख्य पेशा कृषि, पशुपालन र होटेल व्यवसाय रहेको छ । हिमाली हावापानी पाइने भएको यस मनाङ डिस्याङ गाउँपालिकामा एक सिजनमा मात्र गहुँ, करु, फापर, आलु, लगाएत तरकारी खेतिबाली हुन्छ । बाँकी खाद्यान्नको जोहो खाद्य संस्थानबाट वितरण हुने गरेको साथै हाल सडक सञ्जालको पहुँच पुगेको हुँदा

व्यक्तिगत तवरबाट पनि व्यवस्था मिलाउने गरिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्रभित्र पर्ने यस गाउँपालिकामा वर्षेनी हजारौ स्वदेशी तथा विदेशी पर्यटकहरु भित्रिने भएकोले यहाँको बासिन्दाको प्रमुख आय आर्जनको माध्यम होटल व्यवसाय नै हो । त्यस्तै कतिपय युवाहरु वैदेशिक रोजगारमा रहेका छन् भने कतिपयले स्थानीय सिकर्मी डकर्मी पेशा अंगालेका छन् । यस गाउँपालिकमा धेरैजसो जमिन कडा हिमाली चट्टानले ढाकेको केहि क्षेत्रमा सल्ला लगायत घाँसे मैदान र०को यस क्षेत्रमा विभिन्न प्रजातीका जंगली च्याउ, लाथ्रे सल्ला, पाँचऔले, वनलसुन, यार्सागुम्बा, जिम्बु, निरमसी जस्ता अन्य विभिन्न किसिमका जडीबुटीहरु पाईन्छ साथै विभिन्न प्रजातीका चराचुरुगी तथा वन्य जन्तुहरु पाईन्छ ।

## १.२. रोजगार रणनीति योजनाको आवश्यकता र औचित्य

गाउँपालिकामा साविकको स्थानीय निकाय देखि हालको अवस्थासम्म आईपुग्दा श्रम, रोजगार, सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी थुप्रै योजना, परियोजना तथा कार्यक्रमहरु लागु गरी राज्य तथा दातृ निकायहरुको थुप्रै वित्तिय स्रोत साधनहरुको उपयोग भएता पनि यस गाउँपालिकामा विगत आर्थिक वर्ष २०७७/०७८ देखि सूचीकृत गरिएका करिब ८५२ बेरोजगारी युवाहरुमध्ये ४१२ जना युवाहरुलाई रोजगार सम्बद्ध आयोजनाहरु मार्फत आंशिक रुपमा रोजगारीको अवसर सृजना भएको वर्तमान परिवेशमा दिगो विकासका लक्ष्यहरुले परिकल्पना गरे बमोजिमका नतिजा मूलक उपलब्धीहरु हालसम्म संस्थागत हुन नसकेकोले अब उप्रान्त रोजगार सम्बद्ध विभिन्न खालका नीति, योजना, बजेट तथा कार्यक्रमहरु एकद्धवार प्रणाली मार्फत स्थानीय तहहरुले वार्षिक रुपमा नगरसभा मार्फत पारित गरी लागु गर्ने कार्यक्रहरुलाई समेत यस रणनीतिक योजनामा समावेश गरी अब आगामी दिनहरुमा रोजगार सम्बन्धीका कार्यक्रमहरु यसै योजना मार्फत समुदाय स्तरमा सम्पादन गरी करिब ५० प्रतिशतले ५ वर्ष भित्र रोजगारीका अवसरहरु सिर्जना गरिने छ ।

## १.३. अध्ययन पद्धति

रोजगार तर्जुमा गर्दा निम्न प्रक्रियाहरु अपनाईएको थियो ।

१. बस्तीस्तरमा आधारभूत सर्वेक्षण फारम मार्फत तथ्यांक संकलन

२. विज्ञ सहजकर्ता छनौट

३. निर्माण कार्यदल गठन



कान्छा घले
अध्यक्ष

१६.संस्थागत सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन

## १.४ क्षेत्र

१. ग्रामिण विकास

२. रोजगारी सिर्जनाको अवसर र चुनौती

३. रोजगारी र सामाजिक सुरक्षा सम्वन्धीको हकको कार्यान्वयन

४. योजना तर्जुमा

५. योजना कार्यान्वयन

६. आर्थिक तथा सामाजिक शसक्तिकरण

७. सामाजिक न्याय

८. मागमा आधारित पूर्वाधार विकास

९. सुशासन, पारदर्शिता र जवाफदेहिता

१०. सामाजिक समावेशिकरण

११. सीप विकास तथा प्रविधि हस्तान्तरण

१२.संस्थागत विकास तथा स्रोत व्यवस्थापन

## १.५ सीमा

यो रणनीति योजनामा उल्लेखित मार्गदर्शन तथा सैदान्तिक अवधारणा बमोजिम तर्जुमा गरिएका पञ्चवर्षीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा सम्वन्धीका नीति, योजना तथा कार्यक्रमहरु मार्फत सिर्जना हुने रोजगारीका संम्भावित अवसरहरुको लागि छनौट भएका कामदार तथा जनशक्तिहरुलाई प्रचलित मापदण्ड बमोजिमको सेवा सुविधा बाहेक अन्य सेवा सुविधाहरु दावी गर्न मनासिव देखिने छैन

कान्छा घले
अध्यक्ष

## खण्डः दुई

## वर्तमान अवस्थाको विश्लेषण
## (Current Situation Analysis)

मनाङ डिस्याङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुम्दे, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

### प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत चालु आ.व.२०८०/०८१ मनाङ डिस्याङ गाउँपालिकाको चौधौं गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु देहाय वमोजिम छनौट गरी कार्यान्वयनमा रहेका छन ।

| क्र.स. | आयोजनाहरु | ठेगाना | आ.व.२०८०/०८१ | रकम | लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| ग | पिसाङ देखि अन्न पूर्ण वेश क्याप जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं.१ पिसाङ | आ.व.२०८०/०८१ | ५,६०,००० | ३५०० |
| ङ | पिसाङ देखि छार्ताङ जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. १ पिसाङ | आ.व.२०८०/०८१ | ५,६०,००० | ६०० |
| घ | पिसाङ खोलामा ग्याविन निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. १ पिसाङ | आ.व.२०८०/०८१ | १,४०,००० | १२०० |
| ढ | घ्यारु देखि काङ्ला पास जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. २ घ्यारु | आ.व.२०८०/०८१ | ३,२०,६४० | २००० |
| छ | डावल देखि काङ्ला पास जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं.३ डावल | आ.व.२०८०/०८१ | ७,८१,५६० | ३५०० |
| ट | हुम्दे देखि नाङसाङ जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं.४ हुम्दे | आ.व.२०८०/०८१ | २,७०,५४० | १५०० |
| ठ | भ्राका देखि आईस लेक जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं.५ भ्राका | आ.व.२०८०/०८१ | ४,८०,९६० | ४००० |
| ड | मनाङ देखि खुलि हुँदै | मनाङ डिस्याङ | आ.व.२०८०/०८१ | १६,९०,०० | २५०० |



कान्छा घले
अध्यक्ष

| क. स. | आयोजनाहरु | ठेगाना | आ.व.२०८०/०८१ | रकम | लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| | खाङसार जाने बाटो निर्माण योजना | गाउँपालिका वडा नं.९ खाङ्सार | | ० | |
| ढ | टंकी देखि चिहानघाट सम्म जाने बाटो निर्माण | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ७, टंकी | आ.व.२०८०/०८१ | ५,२१,०४० | ४५० |
| ण | थोराङखोलामा ग्याविन निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ९ खाङसार | आ.व.२०८०/०८१ | १,०६,८८० | २२०० |
| त | थोराङखोला पुल देखि कोने टनिङ सम्म जाने बाटो | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ९ खाङसार | आ.व.२०८०/०८१ | २,१३,७६० | १५०० |
| जम्मा | | | | | २२,९५० |

## प्रधानमन्त्री रोजगार कार्यक्रम

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत चालु आ.व.२०८१/०८२ मनाङ डिस्याङ गाउँपालिकाको पन्धौं गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमहरु देहाय बमोजिम छनौट गरी कार्यान्वयनमा रहेका छन ।

| क. स. | आयोजनाहरु | ठेगाना | आ.व.२०८१/०८२ | रकम | लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| क | छार्ताङ खोलामा काठेपुल निर्माण र तटवन्धन | मनाङ डिस्याङ गाउँपालिका वडा नं.१ पिसाङ | आ.व.२०८१/०८२ | ३,००,००० | १५०० |
| ख | पिसाङ गाउँमा ढङ्गेधारा निर्माण र अन्नपुर्ण वेश क्याम्प जाने पर्यटकीय पदमार्ग निर्माण | मनाङ डिस्याङ गाउँपालिका वडा नं. १ पिसाङ | आ.व.२०८१/०८२ | ३,७२,००० | २००० |
| ग | तल्लो पिसाङ देखि माथिल्लो पिसाङ जाने | मनाङ डिस्याङ गाउँपालिका वडा | आ.व.२०८१/०८२ | १,२०,००० | ६५० |

| क्र.स. | आयोजनाहरु | ठेगाना | आ.व.२०८१/०८२ | रकम | लाभग्राहीको संख्या |
|---|---|---|---|---|---|
| | बाटो स्तरोन्नति | नं. १,पिसाङ | | | |
| ङ | क्याङगो देखी ताकी गेट जाने बाटोमा ग्याबिन निर्माण | मनाङ डिस्याङ गाउँपालिका वडा नं. २ घ्यारु | आ.व.२०८१/०८२ | २,००,००० | १२०० |
| च | घ्यारु गाउँदेखि ताकी गेट जाने बाटो स्तरोन्नति | मनाङ डिस्याङ गाउँपालिका वडा नं. २ घ्यारु | आ.व.२०८१/०८२ | ७०,००० | १२०० |
| छ | डावल देखि काङ्ला पास जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं.३ डावल | आ.व.२०८१/०८२ | ३,८४,००० | ४००० |
| ज | भ्राका देखि आईस लेक जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं.५ भ्राका | आ.व.२०८१/०८२ | ३,४४,६८८ | ७००० |
| झ | गंगापुर्ण तालदेखि चिखु जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ६, मनाङ | आ.व.२०८१/०८२ | ४,६०,९२० | ५०० |
| ण | टंकी गाउँदेखि ताङकुचाङ जाने बाटो निर्माण | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ७, टंकी | आ.व.२०८१/०८२ | २,४०,४८० | ४०० |
| त | मनाङ गाउँदखि टङक्यरो जाने बाटो निर्माण योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ८, मनाङ | आ.व.२०८१/०८२ | ३,५२,७०४ | ८५० |
| थ | मर्स्याङदी नदिमा तटवन्धन योजना | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ९ खाङसार | आ.व.२०८१/०८२ | २,२५,००० | २५०० |
| द | च्योङगो पुजा घर स्तरोन्नति | मनाङ डिस्याङ गाउँपालिका वडा नं. ९ खाङसार | आ.व.२०८१/०८२ | १,०८,००० | ४५० |
| जम्मा | | | | | २२,२५० |

# खण्डः तीन

## रणनैतिक विश्लेषण

## (Strategic Analysis )

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुम्डे, मनाङ गण्डकी प्रदेश, नेपाल २०७३

मनाङ डिस्याङ गाउँपालिकाको मार्गचित्र २०८०।०८१ मा अध्यावधिक गरेको विवरण बमोजिम गाउँपालिकाको रोजगार विवरण तपसिल बमोजिम रहेको छ।

तपसिल :

| क.स | वडा नं. | आ.व.२०७८/०७९ मा बेरोजगार व्यक्तिहरुको संख्या | आ.व.२०७९/०८० मा बेरोजगार व्यक्तिहरुको संख्या | आ.व.२०८०/०८१ मा बेरोजगार व्यक्तिहरुको संख्या | पलिकाको नाम |
|---|---|---|---|---|---|
| १ | १ | १८ | ३४ | ४० | मनाङ डिस्याङ गाउँपालिका |
| २ | २ | ५ | १४ | १८ | मनाङ डिस्याङ गाउँपालिका |
| ३ | ३ | २० | ३१ | ३८ | मनाङ डिस्याङ गाउँपालिका |
| ४ | ४ | ७ | १२ | १४ | मनाङ डिस्याङ गाउँपालिका |
| ५ | ५ | | २४ | २८ | मनाङ डिस्याङ गाउँपालिका |
| ६ | ६ | १५ | २८ | ३५ | मनाङ डिस्याङ गाउँपालिका |
| ७ | ७ | ११ | १८ | २१ | मनाङ डिस्याङ गाउँपालिका |
| ८ | ८ | १४ | ३१ | ३२ | मनाङ डिस्याङ गाउँपालिका |
| ९ | ९ | | १८ | २२ | मनाङ डिस्याङ गाउँपालिका |
| जम्मा | | ९० | २१० | २४८ | मनाङ डिस्याङ गाउँपालिका |

अध्यक्ष

मनाङ डिस्याङ गाउँपालिकाको मार्गचित्र २०८१।०८२ मा अध्यावधिक गरेको विवरण बमोजिम गाउँपालिकाको रोजगार विवरण तपसिल बमोजिम रहेको छ ।

तपसिल :

| क्र. स | वडा नं. | आ.व.२०७९/०८० मा बेरोजगार व्यक्तिहरुको संख्या | आ.व.२०८०/०८१ मा बेरोजगार व्यक्तिहरुको संख्या | आ.व.२०८१/०८२ मा बेरोजगार व्यक्तिहरुको संख्या | पलिकाको नाम |
|---|---|---|---|---|---|
| १ | १ | ३४ | ४० | ४० | मनाङ डिस्याङ गाउँपालिका |
| २ | २ | १४ | १८ | २१ | मनाङ डिस्याङ गाउँपालिका |
| ३ | ३ | ३१ | ३८ | ४२ | मनाङ डिस्याङ गाउँपालिका |
| ४ | ४ | १२ | १२ | १४ | मनाङ डिस्याङ गाउँपालिका |
| ५ | ५ | २४ | २८ | २६ | मनाङ डिस्याङ गाउँपालिका |
| ६ | ६ | २८ | ३५ | ४० | मनाङ डिस्याङ गाउँपालिका |
| ७ | ७ | १८ | २१ | २४ | मनाङ डिस्याङ गाउँपालिका |
| ८ | ८ | ३१ | ३२ | ३० | मनाङ डिस्याङ गाउँपालिका |
| ९ | ९ | १८ | २२ | १२ | मनाङ डिस्याङ गाउँपालिका |
| जम्मा | | २१० | २४८ | २४७ | मनाङ डिस्याङ गाउँपालिका |

१२

यस मनाङ डिस्याङ गाउँपालिकामा दर्ता भएका विभिन्न 'घ' वर्गका इजाजत पत्र सहकारी संस्था, उद्योग व्यवसाय, कृषि पुश, खाद्य, निजि वन सामुदायिक वन, टोल विकास संस्था आदिको विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.स. | उद्योगको नाम | दर्ता मिति | कैफियत |
|---|---|---|---|
| १ | एस.टि कन्सट्रक्सन | २०७५/०३/०४ | |
| २ | घले कन्सट्रक्सन एण्ड सप्लार्यस प्रा.लि | २०७७ /०९/०७ | |
| ३ | राजु निर्माण सेवा | २०८०/०१/१७ | |
| ४ | अन्नपूर्ण कन्सट्रक्सन एण्ड सप्लार्यस | २०८०/०३/२८ | |

मनाङ डिस्याङ गाउँपालिकामा दर्ता तथा नविकरण भएका फर्म, कम्पनी, सहकारी तथा व्यावसायहरुको अध्यावधिक विवरण २०८०/२०८१

| क्र.स. | दर्ता नं. | समूहको नाम | ठेगाना | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | ७० | होटेल रोयल नेस्याङ कटेज | वडा नं. १ | २०८०/१२/१८ | |
| २ | ७१ | वुद्ध होटल एण्ड रेष्टुरेन्ट | वडा नं. १ | २०८०/१२/२१ | |
| ३ | ७२ | साकयो कृषि तथा पशुपालन फर्म | वडा नं. १ | २०८०/१२/२३ | |
| ४ | ७५ | माउण्टेन ब्रिज रुपटप रेष्टुरेन्ट | वडा नं. १ | २०८०/१२/२० | |
| ५ | ७९ | हुम्डे एकिकृत सामुदायिक कृषि फार्म | वडा नं. ४ | २०८०/०५/१७ | |
| ६ | ८३ | रेचल कृषि तथा स्याउ फार्म | वडा नं. ४ | २०८०/०५/०३ | |
| ७ | ८५ | कोशेली कृषि तथा स्याउ फार्म | वडा नं. १ | २०८०/०५/१७ | |
| ८ | ८६ | अल्पाइन एप्पल फार्म | वडा नं. ४ | २०८०/०६/२१ | |
| ९ | ८९ | New Namo Buddha Lodge and Restaurant Munji Shop | वडा नं. ५ | २०८०/११/१८ | |
| १० | ९० | खाङसार चौरीपालक कृषक समूह | वडा नं. ९ | २०८०/०३/२८ | |
| ११ | ९२ | हुम्डे फ्रेस हाउस | वडा नं. ४ | २०८०/०७/०४ | |
| १२ | ९३ | ममछो दलित कृषि पशु तथा आयआर्जन समूह | वडा नं. ६ | २०८०/०३/०४ | |
| १३ | ९४ | ढुक्की कटेज एण्ड रेष्टुरेन्ट उद्योग | वडा नं. ४ | २०८०/१२/१६ | |
| १४ | ९६ | डिस्याङ कृषि आयआर्जन फर्म | वडा नं. ८ | २०८०/१२/२५ | |
| १५ | ९७ | एकिकृत कृषि तथा पशुपंक्षी फर्म | वडा नं. ३ | २०८०/१२/२१ | |
| १६ | ९८ | अन्नपर्ण स्याउ फार्म | वडा नं. ४ | २०८०/०८/२१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | १०० | लालिगुरास कृषि तथा पशुपंक्षी समूह | वडा नं. १ | २०८०/०५/१७ | |
| १८ | १०२ | बुद्ध स्याउ फार्म | वडा नं. ४ | २०८०/१२/१६ | |
| १९ | १०४ | इको सप | वडा नं. १ | २०८०/०५/१७ | |
| २० | १०५ | मर्स्याङ्दी कृषि तथा पशुपालन समूह | वडा नं. १ | २०८०/०१/०३ | |
| २१ | १०८ | मनाङ कृषि समूह | वडा नं. ८ | २०८०/१२/२५ | |
| २२ | १४७ | गुरुङ रेष्टुरेन्ट | वडा नं. ४ | २०८०/१२/२५ | |
| २३ | १४८ | टिवेट गेष्ट हाउस | | २०८०/१२/२६ | |
| २४ | १४९ | अथिलाया लज प्रा.लि. | | २०८०/०५/०८ | |
| २५ | १५० | मनाङ ट्रेड | | २०८०/०७/२३ | |
| २६ | १५२ | टिब्टेन पसल | वडा नं. १ | २०८०/०८/११ | |
| २७ | १५३ | आईस लेक कृषि आयआर्जन फाम | वडा नं. ५ | २०८०/०८/२२ | |
| २८ | १५४ | भ्राका कृषि तथा पशु आयआर्जन फर्म | वडा नं. ५ | २०८०/०८/२४ | |
| २९ | १५५ | Zambala Hotel and Restaurant | वडा नं. ५ | २०८०/०९/११ | |
| ३० | १५६ | भ्राका कृषि पशुपंक्षी फर्म | वडा नं. ५ | २०८०/०९/११ | |
| ३१ | १५७ | Hotel Annapurna- 3 and Restaurant | वडा नं. ५ | २०८०/०९/११ | |
| ३२ | १५८ | ट्रेकस होटल | वडा नं. १ | २०८०/०१/०६ | |
| ३३ | १५९ | New Karme Lodge and roof Top Restaurant | वडा नं. ५ | २०८१/०१/१४ | |
| ३४ | १६० | जुलु पिक गेष्ट हाउस एण्ड रेष्टुरेन्ट | वडा नं. ४ | २०८०/०१/१७ | |
| ३५ | १६१ | द बेस क्याप एग्रो फार्म एण्ड रिसोर्ट | वडा नं. ६ | २०८०/०१/२० | |
| ३६ | १६२ | गंगापूर्ण होटल | वडा नं. १ | २०८०/०१/२६ | |
| ३७ | १६३ | होटल यती | वडा नं. ४ | २०८०/०२/०४ | |

मनाङ डिस्याङ गाउँपालिकामा दर्ता तथा नविकरण भएका फर्म, कम्पनी, सहकारी तथा व्यावसायहरुको अध्यावधिक विवरण २०८१/२०८२

| क.स. | दर्ता नं. | समूहको नाम | ठेगाना | मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | १६४ | ग्रिनल्याण्ड होटल एण्ड रेष्टुरेन्ट | वडा नं. १ | २०८१/०५/०२ | |
| २ | १६५ | किचन हिमालयन | वडा नं. ४ | २०८१/०५/०४ | |
| ३ | १६६ | पिसाङ कृषि तथा पशुपंक्षी फार्म | वडा नं. १ | २०८१/०५/१७ | |
| ४ | १६७ | तलेखु कृषि तथा पशुपंक्षी फार्म | वडा नं. १ | २०८१/०५/२४ | |
| ५ | १६८ | अलोबार होटल | वडा नं. १ | २०८१/०६/१५ | |
| ६ | १६९ | होटल रोयल मनाङ | वडा नं. ३ | २०८१/०७/२९ | |
| ७ | १७० | माया होटल | वडा नं. १ | २०८१/०७/२९ | |
| ८ | १७१ | पिसाङ लुलुगाई संरक्षण तथा एकीकृत | वडा नं. १ | २०८१/०७/२९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कृषि समूह | | | |
| ९ | १७२ | होटल पिसफुल एण्ड रेष्टुरेन्ट | वडा नं. ३ | २०८१/०८/१७ | |
| १० | १७३ | होटल भ्रिडक्यो ग्रीन लेक एण्ड रेष्टुरेन्ट | वडा नं. १ | २०८१/०८/२० | |
| ११ | १७४ | होटल गण्डकी एण्ड रेष्टुरेन्ट | वडा नं. ४ | २०८१/०८/२० | |
| १२ | १७५ | Solukhumbu Lodge and Restaurant | वडा नं. ५ | २०८१/०८/२० | |
| १३ | १७६ | ताङजे च्याङ्ग्रा पालन उधोग | वडा नं. ८ | २०८१/०८/२४ | |
| १४ | १७७ | होटल चितवन एण्ड स्फटप रेष्टुरेन्ट | वडा नं. १ | २०८१/०८/२४ | |
| १५ | १७८ | Tibet Hotel and Restaurant | वडा नं. १ | २०८१/०८/२५ | |
| १६ | १७९ | तलेखु गेष्ट हाउस एण्ड रेष्टुरेन्ट | वडा नं. १ | २०८१/०९/०३ | |
| १७ | १८० | तलेखु कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०९/०३ | |
| १८ | १८१ | तलेखु चुचे रेष्टुरेन्ट | वडा नं. १ | २०८१/०९/०३ | |
| १९ | १८२ | अमित कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०९/०३ | |
| २० | १८३ | तिलिचो एग्रो एण्ड कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/१२/१४ | |
| २१ | १८४ | मुनलाईट होटल एण्ड रेष्टुरेन्ट | वडा नं. ४ | २०८१/१२/१४ | |
| २२ | १८५ | मनाङ होटल एण्ड रेष्टुरेन्ट | वडा नं. ४ | २०८१/१२/१७ | |
| २३ | १८६ | टुकुचे होटल | वडा नं. १ | २०८१/१२/२१ | |
| २४ | १८७ | सन्तोष फेस हाउस | वडा नं. १ | २०८१/१२/२६ | |
| २५ | १८८ | मनाङ ब्लक उधोग एण्ड सप्लार्यस | वडा नं. ४ | २०८२/०१/११ | |
| २६ | १८९ | तिलिचो होटल | वडा नं. ४ | २०८२/०१/१० | |
| २७ | ६८ | ड्रिम भिलेज रेष्टुरेन्ट एण्ड लज | वडा नं. ५ | २०८१/०४/१६ | |
| २८ | ७२ | साक्यो कृषि तथा पशुपालन फार्म | वडा नं. १ | २०८१/०५/१७ | |
| २९ | ७४ | होटल सुईट होम रुपटप अर्गानिक फुट | वडा नं. १ | २०८१/०५/२६ | |
| ३० | ७६ | न्यु माया होटल एण्ड रेष्टुरेन्ट | वडा नं. १ | २०८१/१२/१५ | |
| ३१ | ८० | कर्तो ढण्डु कृषि तथा पशुपालन फार्म | वडा नं. १ | २०८१/०५/२७ | |
| ३३ | ८२ | पिसाङ युवा स्वरोजगार कृषि तथा पशुपंक्षी पालन समुह | वडा नं. १ | २०८१/०५/२७ | |
| ३४ | ८३ | रेचल कृषि तथा स्याउ फार्म | वडा नं. ४ | २०८१/०५/०६ | |
| ३५ | ८४ | ईटम पिक होटेल एण्ड लज | वडा नं. ९ | २०८१/१२/२२ | |
| ३६ | ८५ | कोशेली कृषि तथा पशुपालन समुह | वडा नं. १ | २०८१/०४/१६ | |
| ३७ | ८९ | New Namo Buddha Lodge and Restaurant Munji Shop | वडा नं. ५ | | |
| ३८. | ९० | खाङसार चौरीपालन कृषक समुह | वडा नं. ९ | २०८२/०१/३० | |
| ३९ | ९२ | हुम्डे फेस हाउस | वडा नं. ४ | २०८१/०५/२६ | |
| ४० | ९४ | ढुक्की कटेज एण्ड रेष्टुरेन्ट | वडा नं. ४ | २०८१/१२/१० | |
| ४१ | ९५ | गंगापुर्ण कृषि आयआर्जन फर्म | वडा नं. ६ | २०८१/१२/१० | |
| ४२ | ९६ | डिस्याङ कृषि तथा पशुपंक्षी समुह | वडा नं. ८ | २०८१/१२/१० | |
| ४३ | ९९ | अन्नपुर्ण च्याङग्रा एग्रिकल्चर फर्म | वडा नं. १ | २०८१/०७/२८ | |
| ४४ | ९८ | अन्नपुर्ण स्याउ फर्म | वडा नं. ४ | २०८१/०८/०७ | |
| ४५ | १०० | लालीगुराँस कृषि तथा पशुपंक्षी समुह | वडा नं. १ | २०८१/०५/२४ | |
| ४६ | १०२ | बुद्ध स्याउ फार्म | वडा नं. ४ | २०८१/०७/२७ | |
| ४७ | १०४ | इको सप | वडा नं. १ | २०८१/०५/२४ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४८ | १०८ | मनाङ कृषि समुह | वडा नं. ४ | २०८१/१२/१० | |
| ४९ | ११० | अन्नपुर्ण कृषि तथा आयआर्जन फर्म | वडा नं. ७ | २०८१/१२/१० | |
| ५० | ११५ | स्याइना स्टोर्स | वडा नं. ४ | २०८१/१२/१४ | |
| ५१ | ११६ | स्याइना पशुपंक्षी फर्म | वडा नं. ४ | २०८१/१२/१४ | |
| ५२ | ११९ | शुशिला कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०५/२३ | |
| ५३ | १२० | हिमालयन कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०५/२३ | |
| ५४ | १२१ | बब मार्ली होटल | वडा नं. १ | २०८१/१२/०५ | |
| ५५ | १२५ | नलि एग्रो एण्ड कृषि पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०५/१७ | |
| ५६ | १२७ | नाके एग्रो तथा पशुपंक्षी समुह | वडा नं. १ | २०८१/०७/१३ | |
| ५७ | १२८ | पिसाङ बेशी कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०५/१३ | |
| ५८ | १२९ | सिकाको कृषि तथा पशुपंक्षी समुह | वडा नं. १ | २०८१/०५/१३ | |
| ५९ | १३० | मण्डला होटल र जम्बला कृषि तथा पशुपंक्षी फर्म | वडा नं. १ | २०८१/०५/१३ | |
| ६० | १३८ | Norbu ling Hotel | वडा नं. ९ | २०८२/०१/१६ | |
| ६१ | १४१ | थोरोङ फेदी बेशक्याप एण्ड वीण्डहर्स रेष्टुरेन्ट | वडा नं. ६ | २०८२/०१/१६ | |
| ६२ | १४३ | होटल थोरोङला | वडा नं. ६ | २०८२/०१/१६ | |
| ६३ | १४४ | होटलयाक एग्रो टुरीजम प्रमोशन सेन्टर | वडा नं. ६ | २०८२/०१/१७ | |
| ६४ | १४५ | मनाङ एप्पल फार्म उद्योग | वडा नं. ६ | २०८२/०१/२१ | |
| ६५ | १४७ | गुरुङ रेष्टुरेन्ट | वडा नं. ४ | २०८१/०७/२८ | |
| ६६ | १४९ | अथिलाया लज प्रा.लि. | वडा नं. ८ | २०८२/०२/०४ | |
| ६७ | १५१ | एकीकृत कृषि आयआर्जन फर्म | वडा नं. १ | २०८१/०५/१३ | |
| ६८ | १५२ | तिबटेन पसल | वडा नं. १ | २०८१/०५/१३ | |
| ६९ | १५३ | आईसलेक कृषि आयआर्जन फर्म | वडा नं. ५ | २०८१/१२/२१ | |
| ७०. | १५४ | भ्राका कृषि तथा पशु आयआर्जन फर्म | वडा नं. ५ | २०८१/०८/२३ | |
| ७१ | १५८ | ट्रेकर्स होटल | वडा नं. १ | २०८१/१२/१७ | |

# खण्डः चार

## रणनैतिक सवालहरु
(Strategies Issues)

यस मनाङ डिस्याङको ९ वटै वडाहरुमा एउटै खालको भौगोलिक अवस्थाहरु छ । यस पालिकाको भौगालिक विकटताका बावजुद हामी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आएका छौं । तर पनि कति समस्याहरु समाधान हुन निकै नै कठिनाईका बाफजुत सामना गर्नुपर्दछ । यस मनाङ डिस्याङ गाउँपालिकाको रोजगार रणनैतिक योजनाका सवालहरु तपसिल

बमोजिम रहेका छन् ।

- वास्तविक बेरोजगारहरुको पहिचान
- उत्पादनमूलक क्षेत्रमा लगानीको अभाव र समस्याहरु
- श्रम बजारमा सूचना प्रणालीको अभाव र व्यवस्थापन
- शिक्षाको कमजोर अवस्था
- सीप विकासको अभाव
- हिमपात,बाढी, पहिरो
- लैङ्गिक विकेन्द्रीकरण
- राजनीतिक अस्थिरता
- भौगोलिक विकटता
- बसाईसराई दर बढ्दो
- शैक्षिक बेरोजगार

## खण्डः पाँच

## दुरदृष्टि, ध्येय र उद्देश्य

(Long-term Vision, Mission and Objectives)

स्थानीय तहको रोजगार रणनीतिक योजना तर्जूमा भई कार्यान्वयनमा आएको स्थानीय तहले संघीय रोजगार नीतिलाई समेत प्रत्यक्ष सहयोग पुऱ्याउँदै स्थानीय तहले देहायका नतिजाहरु प्राप्त गर्न सक्षम हुनेछ ।

क. स्थानीय तहमा रहेका सीप विकास उद्यमशिलता र रोजगारीको तथ्यांक संकलन र विश्लेषण गरी अवसरहरुको पहिचान गर्ने ।

ख. स्थानीय माग र आवश्यकताको आधारमा श्रम बजारको नीति बमोजिम कार्यक्रम तथा

बजेट निर्माण र कार्यान्वयन गर्ने ।

ग. श्रम बजारको माग बमोजिम जनशक्ति उत्पादन, उत्पादनकत्व र उद्यमशिलता अभिवृद्धि गरी आर्थिक विकासमा योगदान गर्ने ।

घ. स्थानीय तहमा दक्ष प्रतिस्पर्धी र उद्यमशिल मानविय स्रोतको विकास गर्ने ।

ङ. स्थानीय तहमा उपलब्ध स्रोत, साधनको प्रभावकारीरुपमा परिचालन गरी आन्तरिक आयआर्जनमा योगदान गर्ने ।

च. स्थानीय तहबाट नागरिकलाई व्यवसायिक सीप विकास ,रोजगारी प्रवर्द्धन, उद्यमशिल रोजगारी सृजना उद्यमशिल प्रवर्द्धन तथा व्यवस्थापन स्वरोजगारी, वैदेशिक रोजगारीमा जानेलाई दिईने सेवा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको सामाजिक, आर्थिक, पारिवारिक रुपमा पुनः स्थापना तथा पुनः एकिकरण लगायतका सेवा वा लगायताका एकिकृत श्रम र रोजगारमूलक सेवा प्रवाह गर्ने ।

## खण्डः छ

## रणनैतिक लक्ष्यहरु

(Strategic Goals )

- उत्पादनशिल रोजगारीका अवसरहरुको अभिवृद्धि, मर्यादित श्रमको सुनिश्चितता गरी श्रमको अधिकतम उपयोग र योगदानमा आधारित सामाजिक सुरक्षातर्फ सामाजिक संरक्षणलाई दिगो र पहुँचयोग्य बनाई नागरिकहरुको पहुँच सुश्चित गर्ने ।
- सबै वेरोजगार व्यक्ति र श्रमिकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्र गराई सबै नागरिकहरुको दिर्घकालिनमुलक सुरक्षा र सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

गाउँ कार्यपालिकाको कार्यालय
चुम्से, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७४

# खण्डः सात

## रणनैतिक स्तम्भ/प्रमुख रणनीतिहरु
## (Major Strategies )

रणनीतिक योजनाको सोच, लक्ष्य र उद्देश्य प्राप्तिका लागि निम्नानुसारका रणनैतिक स्तम्भ पहिचान गरिएको छ ।

१. गाउँपालिका भित्र रोजगारी प्रवर्द्धन

२. व्यवसायजन्य सुरक्षा

३. व्यवसायिक सीप विकास र तालिम

४. योगदानमा आधारित सामाजिक सुरक्षा

५. सुशासन प्रवर्द्धन

६. कृषि तथा पशुपालन

७. पर्यटकीय तथा पूर्वाधार

८. लघुउद्यम सञ्चालन

९. बजारीकरण

रोजगारीका अवसरहरुलाई प्रवर्द्धन गर्न यस गाउँपालिकाले निम्नानुसारका कार्यनीतिहरु अवलम्बन गरी लागु गर्नेछ ।

| १.आन्तरिक रोजगारी प्रवर्द्धन | |
|---|---|
| रणनीति | कार्यनीति |
| १.१ न्यूनतम रोजगारीको प्रत्याभूति | ▪ न्यूनतम रोजगारीको प्रत्याभूति सहित श्रम बजार बमोजिम हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जन गरी प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>▪ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिनेछ ।<br>▪ सरकारी निकायहरुकाट हुने खर्चलाई रोजगारी सिर्जना सँग आबद्ध गरिनेछ ।<br>▪ सार्वजनिक निर्माणका कार्यहरुमा श्रममूलक प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>▪ आन्तरिक प्रवर्द्धनको अन्तरतह तथा अन्तरनिकाय समन्वय र सहकार्य गरिनेछ ।<br>▪ रोजगारी सिर्जनाका नविनतम् अवधारणालाई प्रोत्साहन गरिनेछ । |

| | |
|---|---|
| | ▪ श्रम बजारको माग र आपूर्ति तथा सीप र क्षमताको आवधिकरुपमा अन्तर विश्लेषण गरिने छ ।<br>▪ सरकारी ,निजि, सहकारी, तथा गैरसरकारी क्षेत्रसँग समन्वय सहकार्य र साझेदारीमा रोजगारीको थप अवसर सृजना गरिने छ ।<br>▪ रोजगारीका अवसरहरु एवं सम्भावनाको पहिचान गर्न सरोकारवालाहरु सँग सम्वाद र समन्वय गरिने छ ।<br>▪ श्रम तथा रोजगार सम्बद्ध सूचना तथा तथ्यांकलाई एकिकरण तथा व्यवस्थापन गरिनेछ ।<br>▪ श्रम बजारको माग बमोजिम रोजगार उन्मूख व्यवसायीक सीप प्रदान गरी रोजगारीमा आबद्ध गरिनेछ ।<br>▪ वित्तिय साक्षरता र वित्तिय पहुँच मार्फत उद्यमशिलता प्रवर्द्धन गरिने छ । अनौपचारिक रोजगारीलाई क्रमश औपचारिकमा रुपान्तरण गरिनेछ ।<br>▪ मनाङ डिस्याङ गाँउपालिका बाट रोजगार विनियम सेवा सहितको एकिकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ<br>▪ रोजगारी र श्रम वजारको प्रवर्द्धन र विस्तार सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ । |
| **२. वैदेशिक रोजगार व्यवस्थापन श्रम कुटनीति प्रवर्द्धन** | |
| रणनीति | कार्यनीति |
| २.१ वैदेशिक रोजगारीलाई सुरक्षीत, मर्यादित , सहज र उपलब्धीमूलक बनाउने | ▪ वैदेशिक रोजगारीलाई सुरक्षीत, व्यवस्थित र मर्यादित बनाउन विद्यमान नीतिगत संरचना र प्रक्रियागत व्यवस्थामा समसमायिक सुधार गरिनेछ ।<br>▪ वैदेशिक रोजगारीमा रेहका नेपाली श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुलाई प्रभावकारी बनाईनेछ । |
| २.२ अन्तराष्ट्रिय श्रम बजरमा आवश्यक पर्ने रोजगारीको अवसरहरुको पहिचान गरी वैदेशिक रोजगारीलाई अधिकतम प्रतिफलयुक्त बनाउने | ▪ वैदेशिक रोजगारीका लागि नयाँ श्रम गन्तव्य मुलुक तथा पेशाहरुको खोजि गर्दै सो अनुरुपको जनशक्ति तयार गरिने छ।<br>▪ वैदेशिक रोजगारमा जान चाहने नेपाली नागरिकलाई श्रम गन्तव्य मुलुकको माग अनुसारको सीप र क्षमता अविृद्धि गरिने छ ।<br>▪ सीप आवश्यक पर्ने रोजगारीको क्षेत्रमा तालिमको अनिवार्य व्यवस्था गरिने छ । |
| २.३ वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्ने । | ▪ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको प्राप्त गरेको ज्ञान र सीप समेटि पालिकाको तथ्यांक प्रणाली स्थापना गरिने छ ।<br>▪ नेपालमा कार्यरत विदेशी श्रमिकको सट्टामा स्वदेशी जनशक्तिबाट काम गर्न सक्नेगरी एबिल च्भउबिअफभलत वमोजिम जनशक्ति तयार गर्दै लगिनेछ ।<br>▪ संघ, प्रदेश र स्थानीय तहसँग समन्वयमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी पुनः एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.४ वैदेशिक रोजगारीमा जान चाहाने र रहेका नेपाली महिलाको सुरक्षा र सम्मानको प्रत्याभूति गर्ने | ▪ वैदेशिक रोजगार सम्बन्धी नीति, योजना, कानून र कार्यक्रमलाई लैङ्गिकमैत्री बनाईनेछ ।<br>▪ वैदेशिक रोजगारीमा महिलाहरु लक्षित सकरात्मक बिभेदको नीति लिईनेछ । |
| **३. श्रम सम्बन्ध र व्यवसायजन्य सुरक्षा** | |

| रणनीति | कार्यनीति |
| --- | --- |
| ३.१ श्रम प्रशासनसँग सम्बन्धित कानूनहरुलाई समसामयिक बनाउने | ▪ श्रम प्रशासनसँग सम्बन्धित नीति र क्षेत्रगत नीति बीच तादम्यता कायम गरिनेछ ।<br>▪ सामाजिक सुरक्षा सम्बन्धी कोषलाई एकीकृत एवं प्रभावकारी परिचालन गरिनेछ । |
| ३.२ श्रमको उत्पादन र उत्पादनकत्व अभिवृद्धि गर्ने | ▪ श्रम ऐनका व्यवस्थाहरु कार्यान्वयनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>▪ नेपाली श्रम बजारमा रहेका सीप अन्तर (Skill Gap) लाई सुधार गर्दै वित्तिय माध्यमबाट सञ्चालित हुने स्वचालित प्रणालीको विकास गरिनेछ ।<br>▪ श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै श्रमिक अनुकुल वातावरणको सृजना गरिनेछ । |
| ३.३ असल औद्योगिक सम्बन्ध कायम गर्ने | ▪ सामाजिक संवाद र सामुहिक सौदावाजीलाई प्रवर्द्धन गरिनेछ ।<br>▪ न्यूनतम पारिश्रमिक निर्धारण समिति जस्ता संयन्त्रलाई प्रभावकारी बनाईनेछ । |
| ३.४ श्रम अभ्यासलाई मर्यादित बनाउँदै श्रमशक्तिको विविधताको अधिकतम्उपयोग गर्ने | ▪ श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न प्रवर्द्धनात्मक निरोधात्मक,उपचारत्मक कार्यक्रम सञ्चालन अनुरुपको कार्यस्थल बनाउन प्रतिष्ठानहरुलाई प्रेरित गरिनेछ ।<br>▪ अपाङ्ग र महिलामैत्री कार्यस्थल निर्माणमा प्रोत्साहन गरिनेछ<br>▪ श्रम प्रशासनका शासकीय साझेदारहरुसँगको समधुर सहकार्य र साझेदारी मार्फत श्रम प्रशासन सुदृढ गरिनेछ । |
| ३.५ बालश्रम निवारण सम्बन्धी स्थानीय कानुन बनाइ कार्यान्वयन गर्ने | ▪ बालश्रम मुक्त गाउँपालिका घोषणा कार्यविधिको निर्माण निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्दै बालश्रमको अन्त्य गरिनेछ ।<br>▪ संघ, प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्यलाई थप प्रभावकारी बनाईनेछ । |
| ३.६ व्यवसायिक स्वास्थ्य र सुरक्षाको प्रवर्द्धन गर्दै कार्यस्थलमा हुने जोखिम्लाई न्युनिकरण गर्ने | ▪ विभिन्न क्षेत्रमा रहेका श्रमिकलाई कामको शिलसिलामा हुन सक्ने स्वास्थ्यजन्य समस्याको उपचार तथा कार्यस्थलमा हुने स्वास्थ्य जोखिम न्युनिकरण गर्न आधुनिक सुविधा सम्पन्न श्रमिकहरुको औषधी उपचार खर्चको व्यवस्था गरिने छ ।<br>▪ व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षक, श्रम निरीक्षक र सरोकारवालहरुको क्षमता विकास गरिने छ । |
| ३.७ व्यवसाय र मानव अधिकारको प्रवर्द्धन गर्ने | ▪ मानव अधिकार सम्वन्धी स्थानीय कार्ययोजना बनाई लागु गरीनेछ । |
| ३.८ अनौपचारिक श्रमलाई क्रमशः औपचारिकरण गर्ने | ▪ अनौपचारिक क्षेत्रको प्रकृति र कार्यक्षेत्र अनुसार सूचीकरण गरिनेछ ।<br>▪ श्रमिक परिचयपत्र वितरण गरिनेछ ।<br>▪ अनौपचारिकताको व्यवस्थापन गर्न स्थानीय कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । |

**४.व्यवसायिक सीप विकास र तालिम**

| रणनीति | कार्यनीति |
| --- | --- |
| ४.१ मनाङ डिस्याङ गाँउपालिकाको श्रम बजारको आवश्यकता बमोजिम दक्ष तथा अदक्ष जनशक्तिको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने | ▪ रोजगारमूलक व्यवसायिक तथा सिपमूलक तालिम सम्बन्धी नीति र कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>▪ रोजगारमूलक व्यवसायिक सीप, तालिम सम्बन्धी पूर्वाधार विकास तथा संस्थागत सुदृढिकरण गरिनेछ । |

| | |
|---|---|
| | ▪ कार्यस्थलमा आधारित सिपमुलक तालिम सञ्चालन गरी रोजगारीसँग आवद्ध गरिने छ। |
| ४.२ अन्तराष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धा गर्न योग्य जनशक्तिको माग र आपूर्ति बिच सन्तुलन कायम गर्ने | ▪ अन्तराष्ट्रिय श्रम बजारको अध्ययन अनुसन्धान गरी पेशा अनुसारको सीपको पहिचान गरी अन्तराष्ट्रियस्तरको सीप तालिम मापदण्ड बनाईनेछ।<br>▪ वैदेशिक रोजगारमा जान चाहनेलाई अन्तराष्ट्रियस्तरमा मान्यता प्राप्त हुने गरी छोटो अवधिको व्यवसायिक तथा<br>▪ सीपमूलक तालिमको विकास गरी तालिम कार्यक्रममा सहभागी गराईनेछ। |
| ४.३ व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न अन्तरतह र अन्तर निकायहरु बीच समन्वय कायम गर्ने | ▪ संघीय मन्त्रालय, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने व्यवसायिक तथा सीपमूलक तालिमको पाठ्यक्रममा एकरुपता ल्याईनेछ।<br>▪ व्यवसायिक तथा सीपमूलक तालिमको सञ्चालनमा एकरुपता र प्रभावकारीता सुनिश्चित तहका लागि एकिकृत सीप विकास तालिम सूचना प्रणालीको विकास गरी सरोकारवाला बीच समन्वय र सहकार्य गरिनेछ। |
| ४.३ व्यवसायिक तथा सिममूलक तालिमको सञ्चालनमा एकरुपता र प्रभावकारीता सुनिश्चितताका लागि एकिकृत सीप विकास तालिम सूचना प्रणालीको विकास गरी सरोकारवालाहरु बीच समन्वय र सहकार्य गरिनेछ। | ▪ राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड बमोजिम सीपमूलक तालिम सञ्चालन गरिनेछ।<br>▪ सीपमूलक तालिममा नागरिकहरुको सहज पहुँच स्थापना गरिनेछ।<br>▪ तालिमको उपयोगिता सम्बन्धी समुदायस्तरमा पर्वधनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। |

**५.योगदानमा आधारित सामाजिक सुरक्षा**

| रणनीति | कार्यनीति |
|---|---|
| ५.१ औपचारिक, अनौपचारिक तथा वैदेशिक रोजगारमा रहेका श्रमिक एवं स्वरोजगारमा रहेका व्यक्ति र कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गर्ने | ▪ संघीय सरकारले सामाजिक सुरक्षा सम्वन्धी मौजदा कानूनको सुधार तथा परिमार्जन गर्दै लगिनेछ।<br>▪ वैदेशिक रोजगारीमा जाने श्रमिक र अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ। |

**६.नीतिगत तथा कानूनी सुधार**

| रणनीति | कार्यनीति |
|---|---|
| ६.१ नीतिगत तथा कानूनी सुधार | ▪ पालिकाको कार्यक्षेत्रभित्रको कामलाई सरल, सहज, सुलभ प्रभावकारी र नतिजा उन्मूख बनाउन मौज्जाद कानूनमा समयानुकुल परिमार्जन तथा आवश्यकता अनुसार नयाँ कानून तर्जुमा गरी कार्यान्वयन गरिनेछ। |
| ६.२ आन्तरिक रोजगार व्यवस्थापनलाई प्रभावकारी बनाउने | ▪ रोजगारीको माग र आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाउने। |

## खण्डः आठ

# पाँच वर्षको रणनैतिक कार्य योजना
## (Strategic Action Plan )

### मनाङ डिस्याङ गाँउपालिकाको रोजगार रणनीति कार्यान्वयन कार्ययोजना

| क्र. स. | क्रियाकलप वा कार्यक्रम | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कार्य सम्पादन सूचक | बजेट | जोखिम |
|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम रोजगारीका प्रत्याभूति क्रियाकलाप हरुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका | पहिलो वर्ष २०८२/०८३ | न्यूनतम रोजगारीमा संग्लन भएका ७० श्रमिकहरुको श्रम बजार संग्लन गर्ने | ४१,७६,९०० | |
| २ | उत्पादनमूलक क्षेत्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम लागु गर्ने | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिकाका | पहिलो वर्ष २०८२/०८३ | करिब ५० युवालाई छनौट गर्ने | ४० लाख | |
| ३ | श्रमिक परिचालनका लागि निर्माण सामाग्री खरिद | प्रधानमन्त्री रोजगार कार्यकम | मनाङ डिस्याङ गाउँपालिकाका | पहिलो वर्ष २०८२/०८३ | आवश्यक सामग्रीहरु | १५ लाख | |
| ४ | कार्यस्थल सुरक्षा सामग्री सामाग्री खरिद | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिकाका | पहिलो वर्ष २०८२/०८३ | आवश्यक कार्यस्थल सुरक्षा सामग्रीहरु | ५ लाख | |
| ५ | श्रर्मिक अभिमुखिकरण तालिम | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका | पहिलो वर्ष २०८२/०८३ | ५० बेरोजगार हरुलाई तालिम | १२ लाख | |
| ६ | बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा अभिलेखन | प्रधानमन्त्री रोजगार कार्यक्रम | स्थानीय तह | पहिलो वर्ष २०८२/०८३ | गाउँपालिका भित्रका सम्पूर्ण बरोजगार हरुको तथ्यांक संकन गर्ने | ३ लाख | |
| ७ | रोजगारदाता को तथ्यांक संकलन तथा | प्रधानमन्त्री रोजगार कार्यकम | मनाङ डिस्याङ गाउँपालिकाका | पहिलो वर्ष २०८२/०८३ | मार्गचित्र निर्माण | ३ लाख | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अभिलेखन | | | | | | |
| ८ | कार्यपालिका तथा विषयगत शाखासँग रोजगारीको क्षेत्र पहिचान चुनौति तथा समाधानका उपाय सम्बन्धी अन्तरक्रिया कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका का | दोस्रो वर्ष २०८३/०८४ | ९ वटै वडाका सरोकारवालहरु बिच करिब १०० प्रतिशत जनप्रतिनिधिहरु संलग्न हुने | ३ लाख | |
| ९ | वडा कार्यालय तथा जनप्रतिनिधि सँग रोजगार अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका का | तेस्रो वर्ष २०८४/०८५ | गाउँपालिका का पदाधिकारीलाई सहभागी गराइने | ३ लाख | |
| १० | कार्यालय सञ्चालन खर्च तथा भ्रमण तथा विविध खर्च | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका का | तेस्रो वर्ष २०८४/०८५ | मासिक रुपमा भुक्तानी | ३ लाख | |
| ११ | श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सञ्चालन | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका का | तेस्रो वर्ष २०८४/०८५ | सम्पूर्ण वडाहरुमा | ५ लाख | |
| १२ | स्थानीय रोजगार दाताको तथ्यांक संकलन आवश्यकता मा आधारित सीप तथा तालिम सञ्चालन खर्च | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका का | चौथो वर्ष २०८५/०८६ | गाउँपालिका को सूचना प्रणालीमा समावेश भएका सम्पूर्ण बरेजगारहरुलाई तालिम | ५ लाख | |
| १३ | वैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृतिका | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिका का | पाँचौ वर्ष २०८६/०८७ | रोजगार सेवा सेवा केन्द्रमा कार्यरत | ५ लाख | |

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तिलिचे, मनाङ गण्डकी प्रदेश, नेपाल २०७३



काञ्छा घले अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लागि रोजगार सेवा केन्द्रको दक्षता अभिवृद्धि खर्च | | | | जनशक्तिलाई क्षमता विकास सम्बन्धी तालिम | | |
| १४ | वडा तथा पालिका स्तरीय अनुगमन तथा विविध खर्च | प्रधानमन्त्री रोजगार कार्यक्रम | मनाङ डिस्याङ गाउँपालिकाका | पाँचौ वर्ष २०८६/०८७ | निरन्तर मूल्यांकन | ३ लाख | |

## खण्डः नौ

## श्रोत परिचालन र बजेट व्यवस्थापन

(Resources Mobilization and Budget Managment)

मनाङ डिस्याङ गाउँपालिकाले वार्षिक नीति कार्यक्रम र बजेट तर्जुमा मार्गदर्शन रणनीतिक योजनाहरुमा आधारित भई तर्जुमा गरिनेछ। रणनीतिक योजनाको कार्यान्वयन गर्न आवश्यक पर्ने श्रोत साधन वार्षिक बजेट तथा कार्यक्रम मार्फत नियमित रुपमा प्रस्ताव गरिनेछ। आवश्यकता अनुसार विकास साझेदारीसँग समेत आर्थिक श्रोत व्यवस्थापनको लागि सहकार्य गरिनेछ। रणनितिक योजनाको स्तम्भ अनुसार अनुमानित स्रोत देहाय बमोजिम प्रक्षेपण गरिएको छ

## खण्डः दश

## रणनीतिक योजनाको निर्देशक समिति, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था

(Steering Committee, Monitoring and Evaluation)

यो रणनीति योजनाको प्रभावकारी कार्यान्वयन मार्फत लक्षित उद्देश्य हाँसिल गर्न देहाय बमोजिमको अनुगमन तथा मूल्यांकन विधि अवलम्बन गरिनेछ।

### क. अनुगमन तथा मूल्यांकन संयन्त्रको स्थापना

- रणनीति योजना कार्यान्वयनको निरन्तर अनुगमनका लागि स्थानीय तहको एक अनुगमन समितिको गठन गरिने छ ।
- अनुगमन समितिले नियमित रुपमा अनुगमन गरी कार्यान्वयन प्रगति, विधि देखिएका समस्या तथा समाधानका उपाय सम्बन्धमा स्थानीय तहलाई समसामयिक रुपमा पृष्ठपोषण दिइनेछ ।
- अनुगमन समितिको सचिवालयको रुपमा स्थानीय तहको नीति, योजना, अनुगमन तथा मूल्यांकन शाखाले काम गर्नेछ ।

### ख. आवधिक योजना :

- रणनितिक योजनामा समावेश भएका क्रियाकलापहरुको प्रगति सम्बन्धमा वार्षिक रुपमा समिक्षा गरिनेछ ।
- अनुगमन समितिले दिईएको प्रतिवेदन र पृष्ठपोषण सम्बन्धमा छलफल तथा समिक्षा गरी आवश्यकता अनुसार सुधारात्मक उपायहरु अवलम्वन गरिनेछ ।

### ग.अन्तिम मूल्यांकन

- रणनितिक योजना कार्यान्वयनको अन्तिम वर्ष अर्थात पाँचौ वर्षमा रणनितिक योजनाको अन्तिम मूल्यांकन र आगामी रणनितिक योजनाको पूर्व तयारी गरिनेछ ।
- पाँचौ वर्षको पहिलो छ महिना व्यतित भएपछि योजनाको अन्तिम मूल्यांकन प्रारम्भ गरिनेछ ।
- रणनितिक योजनाको अन्तिम मुल्यांकन प्रतिवेदन तयार गरी प्रकाशन गरिनेछ ।
- मुल्यांकनबाट प्राप्त अनुभव तथा पृष्ठपोषणलाई आगामी दिनमा तर्जुमा हुने रणनितिक योजना निर्माणमा उपयोग गरिनेछ ।

## खण्डः एघार

## जोखिम व्यवस्थापन

## (Risk Management)

रणनितिक योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ । योजना कार्यान्वयन कार्ययोजनामा पहिचान गरिएका जोखिमहरुका संकेत मात्र उल्लेख गरिएको छ ।

१. स्रोत व्यवस्थापन (क)

२. सरकारी, गैरसरकारी र निजिक्षेत्र बीच प्रभावकारी समन्वय (ख)

३. स्थानीय तहको प्राथमिकतासँगको सामञ्जस्यता (ग)

४. विकास साझेदारीबाट हुने सहयोग र समन्वय (घ

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुम्डे, मनाङ गण्डकी प्रदेश, नेपाल २०७३

# अनुसूचीहरु

अनुसूची -२

(बुँदा नं.७.४संग सम्बन्धित)

**स्थानीय तहको रोजगार रणनिति तर्जुमा गर्ने प्रयोजनका लागि रोजगारदाताहरुसँग गर्ने सर्वेक्षण फाराम**

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनका लागि यस गाउँपालिकामा रहेका रोजगारदाताहरुलाई श्रमिकको आपूर्ति सीप तथा क्षमता विकासको मागको अध्ययन गर्ने यो प्रश्नावली तयार गरिएको छ । आगामी दिनमा स्थानीय तहमा श्रमिक तथा सीप क्षमताको सम्वन्धमा कार्यनीति एवम् कार्यक्रम तर्जुमा गर्नको लागि गर्न लागिएको यो सर्वेक्षणका विवरणहरु गोप्य रहनेछन् ।

१. रोजगारदाताको नाम : ..............................................

२. ठेगाना : .................................... वडा नं. ................... टोल/बस्ती .............

३. रोजगार दाताको प्रकृति (कुनै एकमा (✓) लगाउनुहोस्।

(क) कृषि वन तथा मत्स्यपालन उत्पादन (ख) खानी तथा उत्खनन ग) उद्योग

(घ) विद्युत, ग्यास, एयरकण्डिसन आदि (ङ) खानेपानी,ढल ,फोहोरमैला व्यवस्थापन

(च) निर्माण व्यवसायि (छ) खुद्रा तथा होलसेल (ज) यातायात

(झ) पर्यटन होटेल तथा रेष्टुरेन्ट (ञ) सूचना प्रविधि (ट)वित्तिय/इन्सुरेन्स सेवा

(ठ) रियलस्टेट सम्बन्धी व्यापार (ड) सेवा तथा परामर्श (ढ)प्रशासकीय लगायतका सेवा

(ण) शिक्षा (त) स्वास्थ्य तथा सामाजिक सेवा (थ) कला मनोरञ्जन (द) अन्य.............

४.रोजगारदाता प्रकृति (कुनै एकमा (✓) लगाउनुहोस् ।

(क) ठुला प्रतिष्ठान (ख) साना तथा मझौला उद्योग प्रतिष्ठान (ग) मौसमी

(घ) राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी (ङ) अन्तराष्ट्रिय प्रतिष्ठान (च) अन्य...................

५. उत्तरदाता (कुनै एकमा (✓) लगाउनुहोस्।

(क) रोजगारदाता (ख) कर्मचारी

(ग) परिवारको सदस्य . (घ) अन्य...................

६. आगामी ५ वर्षमा यहाँको व्यवसाय बढ्ने देख्नुहुन्छ ? (कुनै एकमा (✓) लगाउनुहोस्

क) देख्दिन (प्रश्नं.८ मा जानुहोस्) (ख) थाहा छैन (प्रश्नं.८ मा जानुहोस्)

(ग) बढ्न सक्छ (यदि यस बुँदामा (✓) भएमा प्रश्न न.. ७ को उत्तर दिनुहोस्

७. यदि व्यवसाय बढ्ने देख्नुहुन्छ भने कति प्रतिशतले बढ्ने आँकलन गर्नुहुन्छ ? कुनै एक



कान्छा घले अध्यक्ष

भएमा (✓) लगाउनुहोस्।

(क) छ (ख) छैन

८. यहाँको उद्योग तथा प्रतिष्ठानको लागि उपयुक्त जनशक्ति प्राप्त गर्नु भएको छ ? (कुनै एकमा (✓) लगाउनुहोस् ।

(क) छ (ख) छैन

यदि छ भने कुन कुन काम गर्ने र यदि छैन भने कुन काम गर्ने कुन तहको कर्मचारी नियुक्ती गर्नु भएको कर्मचारी खोजि गरिरहुन भएको छ ?

अ.............................................अ.............................................

आ...........................................आ...........................................

इ.............................................इ.............................................

ई.............................................ई.............................................

उ.............................................उ.............................................

९. यहाँको उद्योग तथा प्रतिष्ठानको बृद्धिको लागि स्थानीय सरकारबाट के कस्ता सहयोगको अपेक्षा गर्नु भएको छ ? (उत्तर एक भन्दा अधिक हुन सक्ने हुनाले आवश्यक सबै बुँदामा (✓) लगाउन सकिने (

क) उपयुक्त स्थानीय नीति

(ख) श्रमिकको आपूर्तिमा सहयोग

(ग) सीप तथा क्षमता विकासमा सहयोग

(घ) बजारीकरणमा सहयोग

(ङ) अन्य निकायमा सहजिकरण गर्नमा सहयोग

(च) अन्य.............................................

१०. स्थानीय आर्थिक विकासका लागि कुन क्षेत्रमा विकास हुन आवश्यक देख्नु हुन्छ ?

..........................................................................................

## अनुसूची -३

(बुँदा नं.७. ६ संग सम्बन्धित)

**सम्बन्धित सरोकारवालाहरुको धारणा संकलन गर्ने सम्बन्धी प्रश्नावली**

स्थानीय तहको रोजगार रणनीति तर्जुमा गर्ने प्रयोजनाका लागि यस गाउँपालिका के कस्ता क्षेत्रमा ध्यान दिनपर्ने एवम् कसरी स्थानीय तहको रोजगारी (स्वरोजगारी सहित) अभिवृद्धि गर्ने प्रयोजनका लागि सरोकारवालाहरुको धारणा/सुझाव संकलन गर्ने प्रयोजनाका लागि यो प्रश्नावली तयार गरिएको छ ।

१. नाम : .............................................

२. ठेगाना :

(क) स्थनीय तह (ख) जिल्ला (ग) प्रदेश

३. पेशा

(क) राजनीति (ख) कृषि (ग) सरकारी कर्मचारी (घ)गैरसरकारी/समाजसेवा

(ङ) व्यापार (च) विद्यार्थी (छ) उद्योग प्रतिष्ठानमा कार्यरत (ज) कला साहित्य

(झ) प्लान्ट/मेसिन/अपरेटर/मेकानिकल (ञ) अन्य मर्मत तथा सम्भार (ट) ज्यालादारी कार्य

(ठ) अन्य.........................

**४. यस पालिकाको आर्थिक विकासका लागि कुन क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ ?**

(क) कृषि वन तथा मत्स्यपालन उत्पादन

(ख) खानी तथा उत्खनन्

(ग) उद्योग

(घ) विद्युत, ग्यास, एयरकण्डिसन आदि

(ङ) खानेपानी, ढल ,फोहोरमैला व्यवस्थापन

(च) निर्माण व्यवसायि

(छ) खुद्रा तथा होलसेल

(ज) यातायात

(झ) पर्यटन होटेल तथा रेष्टुरेन्ट

(ञ) सूचना प्रविधि

(ट) वित्तिय/इन्सुरेन्स सेवा
(ड) सेवा तथा परामर्श
(ण) शिक्षा
(थ) कला मनोरञ्जन

(ठ) रियलस्टेट सम्बन्धी व्यापार
(ढ) प्रशासकीय लगायतका सेवा
(त) स्वास्थ्य तथा सामाजिक सेवा
(द) अन्य............

५.स्थानीय तहको रोजगार/स्वरोजगार अभिवृद्धिका चुनौतिहरु के-के र कसरी समाधान गर्ने

| क.स. | चुनौतीहरु | समाधानका उपायहरु |
|---|---|---|
| १ | | |
| २ | | |
| ३ | | |
| ४ | | |
| ५ | | |

६. वर्तमान समयमा उपलब्ध जनशक्तिलाई रोजगारी वा स्वरोजगारीमा संलग्न गर्न के गर्नुपर्ने ?
...................................................................................................

७. आगामी ५ वर्षमा यस पालिकामा कुन क्षेत्रमा रोजगारी सिर्जना हुने देख्नुहुन्छ ?

क) कृषि वन तथा मत्स्यपालन उत्पादन
(ख) खानी तथा उत्खनन
(ग) उद्योग
घ) विद्युत, ग्यास, एयरकण्डिसन आदि
(ङ)खानेपानी,ढल ,फोहोरमैला व्यवस्थापन
(च) निर्माण व्यवसायि
(छ) खुद्रा तथा होलसेल
(ज) यातायात
(झ) पर्यटन होटेल तथा रेष्टुरेन्ट
(ञ) सूचना प्रविधि
(ट) वित्तिय/इन्सुरेन्स सेवा
(ठ) रियलस्टेट सम्बन्धी व्यापार
(ड) सेवा तथा परामर्श
(ढ) प्रशासकीय लगायतका सेवा
(ण) शिक्षा
(त) स्वास्थ्य तथा सामाजिक सेवा
(थ) कला मनोरञ्जन
(द) अन्य............

८. बुँदा नं. ४ मा रहेका क्षेत्रमा रोजगारी सिर्जना गर्न के कस्ता क्रियाकलापहरु कार्यान्वयनमा ल्याउनुपर्ने देख्नुहुन्छ ?

(क) सीप विकास (कस्तो प्रकृतिको सीप) ? सिप विकास पश्चात रोजगारी/स्वरोजगारीमा जान सक्ने आधारहरु के-के हुन ?

...................................................................................................

(ख) उत्पादन अभिवृद्धिसँग सम्बन्धीत (कुन उत्पादन अभिवृद्धि गर्ने र उत्पादित सामाग्रीको बजारीकरण कसरी गर्ने ?

...................................................................................................

(ग) कस्ता व्यक्तिलाई रोजगारमूलक सेवा प्रदान गर्नुपर्ने देख्नुहुन्छ ?

...................................................................................................

(घ) अन्य.................

९. बुँदा नं. ७ र ८ का क्रियाकलाप कार्यान्यन गर्न स्थानीय सरकारको के कस्तो हुनुपर्छ ?

१०. स्थानीय तहको अन्य निकायको भुमिका के हुनुपर्ने देखिन्छ ?

११. अन्य सुझाव र सल्लाह भएमा

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुम्दे, मनाङ गण्डकी प्रदेश, नेपाल २०७४

अनुसूची -३
(बुँदा नं.१३.१ संग सम्बनधीत)

मनाङ डिस्याङ गाउँपालिकाको रोजगार रणनीति नतिजा खाका

| क.स | नतिजा सूचक | एकाई आधार तथ्यांक | एकाई आधार तथ्यांक | लक्ष्य आ.व. अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | मनाङ डिस्याङ गाउँपालिकाको न्यूनतम रोजगारीको प्रत्याभूति दिने क्रियाकलापहरुलाई उत्पादनशिल रोजगारीमा आवद्ध | समूह | २२ | ५ | ७ | ५ | ५ | ५ |
| २ | उत्पादनमूलक क्षेत्रमा प्रधानमन्त्री रोजगार कार्यक्रम लागु गर्ने | वडा | ११ | ११ | ११ | ११ | ११ | ११ |
| ३ | श्रमिक परिचालनका लागि निर्माण सामाग्री खरिद | पटक | १ | १ | १ | १ | १ | १ |
| ४ | हाते औजार तथा अन्य सामाग्री खरिद | पटक | १ | १ | १ | १ | १ | १ |
| ५ | श्रमिक अभिमुखिकरण तालिम | पटक | १ | १ | १ | १ | १ | १ |
| ६ | बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा अभिलेखन | पटक | १ | | | | | |
| ७ | रोजगारदाताको तथ्यांक संकलन तथा अभिलेखन | पटक | १ | | | | | |
| ८ | कार्यपालिका तथा विषयगत शाखासँग रोजगारिका क्षेत्र पहिचान चुनौति तथा समाधानका उपाय सम्बन्धी अन्तरक्रिया कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ |
| ९ | वडा कार्यालय तथा जनप्रतिनिधि सँग रोजगार अभिवृद्धि गर्न अन्तरक्रिया कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ |
| १० | कार्यालय सञ्चालन खर्च तथा भ्रमण तथा बिबिध खर्च | महिना | १२ | १२ | १२ | १२ | १२ | १२ |
| ११ | श्रमको सम्मान राष्ट्रको अभियान सञ्चालन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ |
| १२ | स्थानीय रोजगारदाताको तथ्यांक संकलन आवश्यकतामा आधारित | पटक | १ | १ | १ | १ | १ | १ |



कान्छा घले
अध्यक्ष

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सीप तथा तालिम सञ्चालन खर्च | | | | | | | |
| १३ | वैदेशिक रोजगारीको व्यक्तिगत श्रम स्वीकृतिका लागि रोजगार सेवा केन्द्रको अक्षता अभिवृद्धि खर्च | वटा | १ | १ | १ | १ | १ | १ |
| १४ | वडा तथा पालिका स्तरीय अनुगमन तथा विविध खर्च | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ |
| १५ | अन्तर सरकारी तथा गैरसरकारी निकाय सँग रोजगार सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धी समनायत्मक गोष्ठी सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ |
| १६ | रोजगार उन्मूख प्रविधि सहयोग | पटक | १ | १ | १ | १ | १ | १ |
| १७ | रोजगारमूलक व्यवसाय तथा सीप विकास सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | १ |
| १८ | मागमा आधारित पूर्वाधार विकास | संख्या | २२ | २२ | २२ | २२ | २२ | २२ |
| १९ | प्रतिवेदन तयारी | पटक | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २० | वृतचित्र निर्माण | पटक | १ | १ | १ | १ | १ | १ |
| २१ | समिक्षा गोष्ठी सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १ |

मनाङ डिस्याङ गाउँपालिका गाउँ कार्यपालिकाको ... हुम्डे, मनाङ गण्डकी प्रदेश, ... २०७४

कान्छा घले
अध्यक्ष